# दादुरा

## दादुरा एक गम्भीर रोग हो



दादुरा एक गम्भीर रोग हो जसको कारण डाबर र ज्वरो आउँछ।

दादुरा अत्यन्त संक्रामक हुन्छ। यो दादुरा लागेको व्यक्तिले साँस फेर्दा, खोक्दा वा हाच्छिउँ गर्दा फैलन्छ।

खोप नलगाएका जोसुकैलाई दादुरा लाग्ने अत्यन्त बढी सम्भावना हुन्छ।

दादुरा विशेषगरि बच्चाहरु र शिशुहरूको लागि खतरनाक हुन सक्छ। यसको कारण मस्तिष्क सुन्निने र फोक्सोको संक्रमण हुनसक्छ। दुर्लभ अवस्थामा, यो घातक हुनसक्छ।

## तपाईंको पारिवारको सुरक्षाको लागि खोप सबैभन्दा राम्रो तरिका हो



दादुरा रोक्नको लागि MMR को खोप सुरक्षित र अत्यन्त प्रभावकारी छ। यसले मम्प्स र रुबेला विरुद्ध पनि सुरक्षा गर्दछ।

सबै बच्चाहरुले MMR खोप लिनुपर्ने कुरा डाक्टरहरुले सिफारिस गर्दछन्।

MMR खोप लगाउनु दादुरा हुनुभन्दा सुरक्षित छ।

सामान्यतया खोपबाट बालबालिकाहरूमा कुनै पनि दुष्प्रभाव हुँदैन। सामान्यतया हुने दुष्प्रभावहरू हलुका हुन्छन् र लामो समयसम्म चल्दैन, जस्तै ज्वरो, हल्का डाबर, र दुखाई।

*छविहरू: cdc.gov*

## MMR खोपको कारणले अटिजम हुँदैन

अटिजम र MMR खोप बीचको सम्बन्ध कुनै अध्ययनले फेला पारेको छैन। यसलाई धेरै डाक्टरहरू र विश्वभरिका वैज्ञानिकहरू सावधानीपूर्वक अध्ययन गरेका छन्।

बच्चाहरूलाई कुनै पनि चीजले अटिजम गराउने बढी सम्भावना छ भनेर वैज्ञानिकहरूले अध्ययन गरिरहेका छन्। पारिवारिक आणुवांशिक गुण र जन्मनु अघि र पछिको घटनाहरुको संयोजनको कारणबाट सम्भावित अटिजम हुन्छ भनेर धेरैजसो वैज्ञानिकहरु सहमत छन्। यसमा जन्मको समयमा आमाबाबुको उमेर, गर्भावस्थाको समयमा आमाको रोग, वा जन्मने समयमा कठिनाइहरु समावेश हुन सक्छन्। उनीहरूले अटिजम र व्यक्ति बस्ने स्थानको समबन्धको बारेमा पनि अध्ययन गर्दैछन्।

यदि तपाईसँग दादुरा वा MMR खोप बारे प्रश्नहरू भएमा आफ्नो चिकित्सकलाई सोध्नुहोस्।

**थप जानकारीको लागि:**

www.kingcounty.gov/measles

Public Health
Seattle & King County

Washington State Department of Health

# यदि तपाईंले दादुरा भएको लागेमा तपाईंले के गर्न सक्नुहुन्छ

## दादुराका लक्षणहरू र कसरी यो फैलन्छ

दादुरा प्रायः उच्च ज्वरो, खोकी, नाक बग्ने, र रातो, पानी बग्ने आँखाबाट सुरु हुन्छ। 3-5 दिनपछि, सामान्यतया अनुहारमा डाबर सुरु हुन्छ र शरीरका अन्य भागहरूमा फैलन्छ।

छिटोमा तपाईंलाई डाबर हुनुभन्दा चार दिन *अघि*बाट र डाबर आएको चार दिन पछिसम्म अरूलाई दादुरा फैलाउन सक्नुहुन्छ।

दादुरा भएको व्यक्तिसँग एउटै कोठामा बसेर पनि तपाईंलाई दादुरा हुनसक्छ। व्यक्तिले कोठा छोडेको दुई घण्टासम्म दादुराको जीवाणु हावामा रहन्छ।

## यदि तपाईंलाई यी लक्षणहरू देखा परेमा तपाईंको चिकित्सक वा क्लिनिकमा फोन गर्नुहोस्

तपाईंको डाक्टर वा क्लिनिकले तपाईं भेटघाटको लागि आउनुपर्ने कुरा तपाईंलाई थाहा दिनेछन्।

दादुरा धेरै संक्रामक हुन्छ र तपाईंसँग प्रतीक्षा कोठामा भएका कसैलाई पनि तपाईं सार्न चाहनुहुन्न। तपाईं जानुभन्दा **अगाडि** तपाईंको चिकित्सक वा क्लिनिकलाई तपाईंलाई भएको दादुराको लक्षणहरू बताउन जरुरी छ। तपाईंलाई उनीहरूले के गर्ने भनेर निर्देशनहरु दिनेछन् ताकि तपाईंले दादुरा नफैलाउनुहोस्।

## यदि तपाईंलाई दादुरा भएमा तपाई घरमै रहनुहोस्

अरुलाई दादुरा नफैलाउनु महत्वपूर्ण हो।

यदि तपाईंलाई दादुरा भएमा तपाई घरमै रहनुहोस्। विद्यालय, काम, स्टोरमा, वा अन्य व्यक्तिहरुको घरहरुमा नजानुहोस्।

यदि तपाईं वा तपाईंको बच्चालाई ज्वरो वा डाबर भएमा तपाईंको घरलाई आगन्तुकहरु नराख्नुहोस्।

**थप जानकारीको लागि: www.kingcounty.gov/measles**

Public Health
Seattle & King County

Washington State Department of Health